प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY



प्रतिदिन

हर प्रहर ताजा खबर!

लगइन गर्नुहोस्

www.pratidindaily.com

विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : ९७ ॥ २०८२ जेठ ०१ गते बिहिबार (15th May 2025 Thursday) Pratidin National Daily मूल्य-रु.५/-


# अर्बौं हुण्डी कारोबारमा संलग्न मेचीनगरका ७ जना पक्राउ




झापा(प्रस) । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले हुण्डीमार्फत अवैध वित्तीय कारोबारमा संलग्न ७ जनालाई झापाको मेचीनगरबाट पक्राउ गरेको छ। मेचीनगर- १० धुलाबारीमा गिफ्टोरियम नामक आयात निर्यातको कारोबार गर्दै आएका कविस मारु, अनुज मारुसहित निर्मल राई, दिपेन्द्र खड्का ,महेश पौडेल , अंकित अग्रवाल र सुनिल राईलाई नियन्त्रणमा लिएको हो । उनीहरुलाई सीआइबीको टोलीले काठमाडौँ लिएर गएको बुझिएको छ । बुधवार बिहान ७ बजेतिर सीआइबीको टोली आएर शुरुमा ६ जना र त्यसपछि एकजनालाई पक्राउ गरेको हो । व्यापारी मारुसहित उनीकहाँ काम गर्नेहरु पक्राउ परेको जनाइएको छ । धुलाबारीबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यालय लगिएको र त्यसपछि काठमाडौ लगिएको प्रहरी स्रोतले जनाएको छ ।

पक्राउ परेकाहरूले अवैध कारोबार गरी नेपालमा ठूलो परिमाणमा रकम परिचालन गरेको प्रहरीले जनाएको छ। उनीहरुले अर्बौंको अवैध कारोबार गरेको प्रहरी स्रोतले जनाएको छ। पक्राउ परेकाहरुबाट के कति रकम बरामद भएको भन्ने खुलिसकेको छैन । सीआइबीको टोली पक्राउ गर्न झापा गएको र पक्राउ गरेर ल्याउँदै गरेको जानकारी प्राप्त भएको सीआइबीका प्रवक्ता प्रहरी उपरीक्षक युवराज खड्काले बताए । उनले पक्राउ परेका ती व्यक्तिहरुबाट बरामद भएको रकम काठमाडौं ल्याइसकेपछि मात्र थाहा हुने जानकारी दिए ।

यसअघि दुई साताअघि सीआईबीले अवैध वित्तीय कारोबारमा संलग्न २१ जनालाई ११ जिल्लाबाट पक्राउ गरेको थियो । उनीहरूले करिब १७ अर्ब ८६ करोड ७० लाख रुपैयाँभन्दा बढी अवैध कारोबार गरेको खुल्न आएको थियो । ती व्यक्तिहरुसंग धुलाबारीमा पक्राउ परेकाहरुको सम्बन्ध रहेको आशंका गरिएको प्रवक्ता खड्काले जानकारी दिए ।

# कानूनविपरित विद्यालय सञ्चालन हुँदा सरकारी पक्ष रमिते

झापा(प्रस) । अनिवार्य तथा निःशुल्क शिक्षासम्वन्धी नियमावली, २०७७ को नियम ५ अनुसार सार्वजनिक विद्यालयले माध्यमिक तहसम्म विद्यार्थी भर्ना शुल्क, मासिक पढाइ शुल्क, परीक्षा शुल्क र पाठ्यपुस्तक बापत कुनै पनि शीर्षकमा शुल्क लिन नपाउने व्यवस्था छ ।

झापामा त्यस प्रावधानविपरित विभिन्न बहाना बनाएर सरकारी विद्यालयले अबैध रूपमा शुल्क असुलिरहेका छन् भने निजी विद्यालयले त अझ मनोमानी ढंगबाट शिक्षा नियमावली, २०७७ को भावनाविपरित शिक्षामा व्यापार गरिरहेको दृष्यले सरकार छ कि छैन प्रश्न खडा गरिदिएको छ ।

पछिल्ला केही वर्षयता झापाका निजी विद्यालयका सञ्चालकहरूको निर्देशनमा स्थानीय सरकार चलेको हो कि भन्ने आशंका जन्माइरहेको छ । १५ वटा पालिका रहेको झापामा सरकारी विद्यालय र निजी लगानीका विद्यालयलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने बालबालिकाको अधिकारको भावनाविपरित व्यापारिक बाटोतर्फ जाँदा समेत नियामक सरकारी निकाय रमितेभन्दा बाहिर निस्कन सकेका छैनन् ।

निजी विद्यालयको शुल्क निर्धारण, सार्वजनिक विदा उल्लंघन, सञ्चालन गर्दा कानूनी प्रावधान मिच्ने, शिक्षा नियमावली विपरितका गतिविधिले झापाका स्थानीय सरकारलाई निजी विद्यालयले चलाइरहेको हो कि भन्ने प्रश्न खडा भएको हो ।

झापामा अधिकांश निजी विद्यालयले सरकारले तोकेको विदाका दिन विद्यालय सञ्चालन गर्ने र सरकारले विदा नदिएका दिन विद्यालय बन्द गर्ने कानूनी प्रावधानविपरितका कार्य हुँदा समेत नियामक पालिका सरकार , शिक्षा समन्वय इकाइ र जिल्ला प्रशासन कार्यालय झापा समेत वेखवर देखिएका घटनाले सरकारी पक्षको उदासिनताले निजी विद्यालयलाई हौस्याइरहेको छ ।

शनिवार सार्वजनिक विदा, शुक्रवार आधा दिन विदा हुने सरकारको स्थापित नीति मिचेर झापामा आइतवार विदा दिन थालेका निजी विद्यालयले स्थापित कानूनी प्रावधानलाई समेत चुनौति दिन थालेका छन् ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्वन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा उल्लेख अनुसार प्रत्येक निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयले प्रारम्भिक बालविकास शिक्षादेखि १२ कक्षासम्मका ५ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा १० प्रतिशत, ५ सयदेखि ८ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा १२ प्रतिशत र ८ सयभन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले कम्तीमा १५ प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था राखेको छ । यस व्यवस्था कार्यान्वयन भए नभएको स्थानीय सरकारले हेर्नु पर्ने भए पनि भद्रपुरमा अहिलेसम्म सरकारी पक्षबाट खोजी समेत गरेको देखिदैन भने निजी विद्यालय मनोमानी ढंगले चलिरहेका छन् ।

झापामा निजी विद्यालयहरुले प्रदान गर्ने छात्रवृत्ति र संस्थागत विद्यालयहरूको शुल्कसम्बन्धी विवरण प्रष्ट नहुँदा अभिभावकलाई ठगिरहेको गुनासो आउने गरेको छ । स्थानीय सरकारका शिक्षा शाखाका कर्मचारीले हचुवाका भरमा शुल्क अनुमोदन गर्दा शिक्षा नियमावली, २०७७ को कार्यान्वयनको अवस्था कमजोर बन्दै गएको पाइएको छ । पालिका सरकारले स्थानीयस्तरमा शिक्षा क्षेत्रका विकृति रोक्न सम्बन्धित क्षेत्रमा अनुगमन समेत गरेको भेटिएको छैन भने संस्थागत विद्यालयलाई संस्थागत गर्न पटक पटक अभिभावक, संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) लगायत प्रत्यक्ष सरोकार राख्ने निकायले दिएको ज्ञापनपत्र, ध्यानाकर्षण पत्रको समेत खिल्ली उडाउँदै शिक्षा क्षेत्रलाई चरम व्यापारिक विकृतिमा छोडिरहेको छ ।

ऐनले गाउँ तथा नगरपालिकाबाट स्थानीय अनुगमन र जिल्लास्तरमा समेत शिक्षा क्षेत्रको विकृति रोक्न अनुगमनको व्यवस्था गरेको भए पनि निजी विद्यालयले आर्थिक साइनो गाँसेर झापाभरि नै विकृति फैलाइरहेका छन् ।

संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ अनुसार शुल्कको अधिकतम सीमा, कायम गरी अभिभावक, शिक्षक कर्मचारीका प्रतिनिधि समेत राखेर पारदर्शी शैलीमा शुल्क निर्धारण गर्ने गराउने व्यवस्था ऐनमा प्रष्ट भए पनि माध्यमिक तहसम्मको शिक्षाको नियमन गर्ने स्थानीय सरकारले वेवास्ता गर्दा मनोमानी शुल्क असुल्ने कार्य रोकिएको छैन भने शिक्षक कर्मचारीमाथि चरम शोषण र विभेद हुने गरेको आवाज उठे पनि सरकारी तहबाट विकृति रोक्न कारवाही भएका घटना भने भेटिदैनन् ।

यस्तै सरकारी स्वामित्वका विद्यालयहरूमा अंग्रेजी माध्यमको नाममा विद्यार्थीबाट अबैध शुल्क असुलेर बाँडिखाने प्रवृत्ति बढ्दै जाँदा समेत स्थानीय सरकार, प्रदेश र संघीय सरकारका प्रतिनिधि थाहा नपाएको शैलीमा बस्दा विद्यालयमा आर्थिक विचलन र विकृतिका चाङ बढ्न थालेका छन् ।

# बालविवाहमा सजायको मात्रा घटाउने प्रस्ताव



झापा(प्रस) । सरकारले हालको बालविवाहसम्बन्धी व्यवस्थालाई परिमार्जन गर्ने गरी कानुनमा परिमार्जन गर्ने तयारी सुरु गरेको छ । हाल कानुनले तोकेको उमेर नपुगी भएको विवाह स्वतः बदर हुने कानुनी व्यवस्थामा केही परिमार्जन गरी त्यस्तो विवाहलाई बदर नगरी दण्ड सजाय मात्रै तोक्ने तयारी सरकारको छ ।

मुलुकी अपराध संहिता, २०७४ ले बालविवाहमा रोक लगाएको छ । संहिताको दफा १७३ बालविवाह गर्न नहुनेसम्बन्धी व्यवस्था छ । संहितामै विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष


❖ बाँकी अन्तिम पृष्ठमा


# चर्पी बसेकै ठाउँमा राजवंशीको मृत्यु

झापा(प्रस)। झापाको हल्दिवारीमा चर्पी बसेकै ठाउँमा एकजनाको मृत्यु भएको छ ।

घरमा एक्लै बस्दै आएका हल्दिबारी गाउँपालिका वडा नं.२ आसमानबारी बस्ने ४२ वर्षीय दिलबहादुर राजवंशी मंगलवार राति चर्पी गएका थिए । उनका दाई राजकुमार राजवंशीले बुधवार बिहान चर्पी जान खोज्दा भित्रबाट ढोका बन्द रहेको र धेरै समयसम्म पनि ढोका नखोलेपछि प्रहरीलाई खबर गरेका थिए ।

प्रहरी चौकी हल्दिवारीबाट प्रहरी टोली खटिएर ढोका फोरी हेर्दा चर्पी बसेकै ठाउँमा राजवंशी मृत फेला परेका थिए । कानुनी प्रकृया पुरा गरी उनको शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# कोशीमा सीमा तस्करी र आन्दोलन मुख्य चुनौती

झापा(प्रस) । कोशी प्रदेशस्तरीय सुरक्षा गोष्ठी सम्पन्न भएको छ । संघीय सरकारका गृहमन्त्री रमेश लेखकको प्रमुख आतिथ्यमा बुधबार विराटनगरमा सुरक्षा गोष्ठी सम्पन्न भएको हो ।

गोष्ठीले साइबर अपराध, लागूऔषध ओसार पसार, सीमापार तस्करी र राजावादी आन्दोलनलाई मुख्य सुरक्षा चुनौती मानेको छ ।

यस्ता चुनौती समाधान गर्न अधिकतम सुरक्षा सतर्कता अपनाउने निर्णय भएको कोसी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले जानकारी दिएका छन् ।

गोष्ठीमा गृहमन्त्री लेखकले योजना बनाएरै सीमा क्षेत्रबाट हुने चोरी-तस्करी नियन्त्रणमा लाग्न सुरक्षा निकायलाई निर्देशन दिएका थिए । उनले ३० दिनभित्र अनुभूति हुनेगरी तस्करी रोकिनुपर्ने बताए ।

यसैबीच बुधबार नै गृहमन्त्रीलाई भेटेका विराटनगरमा उद्योगी व्यवसायीले बढ्दो तस्करी, चोरी पैठारी तथा अवैध कारोबारका कारण राष्ट्रको आर्थिक, सामाजिक र सुरक्षात्मक संरचनामा गम्भीर असर पुगिरहेको भन्दै ध्यानाकर्षण गराए । यसले स्वदेशी उद्योग एवं उत्पादनको प्रतिस्पर्धात्मक क्षमता घटेको तथा मुलुकको उत्पादनशील क्षेत्र, उत्पादकत्व र रोजगारी नराम्ररी प्रभावित भएको बताउँदै मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठीले बताए ।

उनले भने,"भारतीय बजारमा शून्यदेखि १२ प्रतिशतसम्म जी.एस.टी. कायम रहेका दैनिक उपभोग्य तथा अत्यावश्यकीय वस्तुहरूको आयात शुल्क तथा करका दर न्यून गरिनुपर्छ ।"

अवैध कारोबारका कारण सरकारी संयन्त्रमा भ्रष्टाचार मौलाउने, कानुनी शासन कमजोर हुने जोखिम रहने उनले बताए । तस्कर संयन्त्र मौलाए मुलुकमा लागूपदार्थ, हतियार, मानव तस्करीलगायत अवैध सामग्री समेत भित्रने भई राष्ट्रिय सुरक्षामै चुनौती उत्पन्न हुने भन्दै उनले गृहमन्त्रीको ध्यानाकर्षण गराए ।

गृहमन्त्री लेखकले संघको चासोलाई गम्भीरतापूर्वक लिँदै तस्करी र अवैध कारोबार नियन्त्रण सरकारको प्राथमिकतामा रहेको बताए ।

# करेन्ट लागेर दुई महिलाको मृत्यु, एक घाइते

झापा(प्रस) । मोरङमा करेन्ट लागेर दुई महिलाको मृत्यु भएको छ । विवाहमा माइक बाँसमा बाँधेकोमा अचानक आएको हावाहुरीले माइक बाँधेको बाँस ढल्न गई हाइटेन्सन लाइनमा छुन पुग्दा करेन्ट लागेर दुई महिलाको मृत्यु भएको हो ।

मंगलवार राति ९.२० बजेतिर मोरङ रतुवामाई नगरपालिका- ३ मिर्चाडाँगी बस्ने मंगललाल सिंहका छोरा निरजकुमार सिंहको विवाहमा माइक बाँसमा बाँधेकोमा अचानक आएको हावाहुरीले माइक बाँधेको बाँस ढल्न गई हाइटेन्सन लाइनमा छुन पुग्दा करेन्ट प्रवाह भई उनका छिमेकी सतारुलाल गनगाईकी श्रीमती ७३ वर्षीया सूर्यदेवी गनगाई र सोही ठाउँ बस्ने जतरुलाल गनगाईकी श्रीमती ७० वर्षीया रामुदेवी गनगाईको मृत्यु भएको हो । करेन्ट लागेर गम्भीर घाइते भएका दुवैलाई उपचारको लागि रंगेली अस्पताल रंगेलीमा लगिएकोमा उपचारको क्रममा राति १० बजे दुबै जनाको मृत्यु भएको थियो । त्यस्तै सोही ठाउँ. बस्ने ३० वर्षीया राधाकुमारी सिंह घाइते भएकी छन् ।

उनलाई नगर अस्पताल झुर्कियामा सामान्य उपचारपश्चात् डिस्चार्ज गरिएको प्रहरीले जनाएको छ । दुवैको शव रंगेली अस्पतालमा रहेको छ । घटनाबारे इलाका प्रहरी कार्यालय सिजुवाबाट थप अनुसन्धान भइरहेको जनाइएको छ ।


**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस् रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरूदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयाष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# भूमि समस्या सहजीकरणका विषयमा अभिमुखीकरण

बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकामा भूमि समस्या सहजीकरणका विषयमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । नगर तथा वडा स्तरीय सहजीकरण समिति जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि नगरपालिकाले बुधवार अभिमुखीकरण प्रदान गरेको हो ।

कार्यक्रममा भूमि समस्या समाधान आयोग झापाका विज्ञ सदस्य लक्ष्मीप्रसाद आचार्यले जग्गा प्राप्तिका लागि प्रारम्भिक चरण, लगत संकलन र डाटा इन्ट्री, वडाबाट पहिचान र प्रमाणीकरण, पालिकाबाट पहिचान र प्रमाणीकरण, जिल्ला समितिबाट पहिचान र प्रमाणीकरण, जग्गा नाप जाँच र नक्सा प्रमाणीकरण र लालपुर्जा वितरण र श्रेस्ता कायम गरि ७ वटा चरणका विषयमा जानकारी गराएका थिए । बिर्तामोड नगरपालिकामा आयोगको तथ्याङ्क अनुसार भूमिहीन दलित १९७, भूमिहीन सुकुम्वासी १०२८ र अव्यवस्थित १४६१ वटा गरि जम्मा २६८६ वटा छन् । यो तथ्याङ्क पुरा नभएको र धैरै फायलहरु प्रक्रियागत चरणमै रहेकोले संख्या बढ्ने विज्ञ सदस्य आचार्यले जानकारी दिए । जग्गा प्राप्तिका लागि मुख्यतया भूमि सम्बन्धी ऐन २०२१ को आठौं संशोधन भएको मिति २०७६ साल माघ २८ गते भन्दा १० वर्ष अघिदेखि भोग गरेको प्रमाण हुनु पर्नेछ । आयोगको मापदण्ड अनुसार एक परिवारले अधिकतम १ विगाह ९ कट्ठा १० धुर अर्थात १९ रोपनी १० आनासम्म प्राप्त गर्ने व्यवस्था छ ।

यसअघिको नाम संकलनमा छुटेकाहरुको लागि समेत दर्ता खुलेको आयोगले जनाएको छ । कार्यक्रममा बोल्दै नगरप्रमुख पवित्रा महतारा प्रसाईले भूमि समस्याको विषयलाई विशेष ध्यान दिनु पर्ने बताइन् । उनले प्रक्रियागत रुपमा छुटेका फायलहरुलाई सघाउ पुर्याउन जनप्रतिनिधि तथा राजनीतिक दलका अगुवाहरुलाई आग्रह गरिन् । उनले सबै टोलमा समस्या रहेको नरहेको बुझेर अघि बढ्नु पर्नेमा जोड दिइन् ।यस्तै भूमि समस्या समाधान आयोग झापाका संयोजक मदनप्रसाद अधिकारीले पनि भूमि समस्या समाधानका लागि राजनीतिक पूर्वाग्रह नराखी सहयोग गर्न राजनीतिक दलका नेतृत्वहरुलाई आग्रह गरे । अभिमुखीकरण कार्यक्रममा नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, प्रमुख प्रशासकीय अधिकृत सागर मिश्र, वडाध्यक्ष लगायत जनप्रतिनिधि तथा कर्मचारीको समेत उपस्थिति रहेको थियो ।

# कृषक समूहलाई बाख्रा वितरण



बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकाले वडा नम्बर ७ मा रहेको सिताराम मन्दिर टोल कृषक समूहलाई बाख्रा वितरण गरेको छ । मेयर पकेट प्याकेज ग्रामीण बाख्रा साटासाट कार्यक्रमअन्तर्गत बुधवार १५ जना कृषकलाई ४५ वटा बाख्रा वितरण गरिएको हो । प्रतिकृषक ३ वटाका दरले विमा गरिएका बाख्रा वितरण गरिएको हो । उक्त समूहलाई एउटा उन्नत जातको बीउ बोकासमेत वितरण गरिएको छ ।

बाख्रा साटासाट कार्यक्रम बिर्तामोडमा २०७४ सालदेखि सञ्चालनमा छ । बिर्तामोडमा १८ वटा बाख्रा कृषक समूह छन् । कार्यक्रम सुरु भएदेखि अहिलेसम्ममा ८ सय १० वटा बाख्रा वितरण गरिसकिएको नगरका पशुपंछी तथा मत्स्य विकास शाखा प्रमुख डा. नगेन्द्र खड्काले जानकारी दिए ।

कार्यक्रमकी प्रमुख अतिथि नगर प्रमुख पवित्रा महतारा प्रसाईले थोरै भएपनि आय स्रोतको लागि बाख्रा साटासाट कार्यक्रम प्रभावकारी रहेको बताइन् । यो कार्यक्रमले जीवनस्तर उकास्न सघाउ पुर्याउने बताइन् । नगर प्रमुख प्रसाईले बाख्रापालनलाई उपलव्धीमुलक बनाउन जोड दिइन् ।

यस्तै कार्यक्रममा बोल्दै वडा नम्बर ७ का वडाध्यक्ष अविरल कृष्ण खरेलले कार्यक्रममा औषधी उपचार, विमाको सुविधा रहेकोले बाख्रामा कुनै क्षति नहुने बताए । उनले स्वरोजगारसंगै व्यवसायिक बन्न सबैलाई आग्रह गरे ।

आर्थिक विकास समिति संयोजक तथा कार्यपालिका सदस्य संगिता सिवाकोटीको अध्यक्षतामा सिताराम मन्दिर टोलमा आयोजित कार्यक्रममा कार्यपालिका सदस्य सिता ढुंगाना विक, शाखा अधिकृत सावित्रा दाहाललगायतको उपस्थिति रहेको थियो ।

## बालविवाहमा...

नपुगी कसैले विवाह गर्न वा गराउनु हुँदैन भनिएको छ । त्यस्तो विवाह स्वतः बदर हुने भनिएको छ । बालविवाहको कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवानाको सजाय छ ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले बालविवाहसम्बन्धी रहेको संहिताको अहिलेको त्यस्तो प्रावधानलाई संशोधनको प्रस्ताव गरेको हो । मन्त्रालयले तयार गरेको मुलुकी अपराध संहिता, २०७४ लाई संशोधन गर्ने विधेयकको मस्यौदाको प्रस्तावमा 'बालविवाह' भन्ने विषयलाई हटाएर 'उमेर नपुगी विवाह' भनिएको छ । महिला र पुरुष दुवैका लागि विवाहको उमेर हदलाई २० वर्ष यथावत् राखिएको छ । उमेर नपुगी विवाह गरिने कार्यलाई अपराध भन्दै उमेर समूहअनुसारको सजायको व्यवस्था राखिएको छ । १६ वर्षभन्दा कम उमेरका व्यक्तिको विवाहलाई स्वतः बदर हुने भनिएको छ । त्यसबाहेक, १६ वर्षभन्दा माथि १८ वर्षभन्दा कम उमेरका व्यक्तिबीच विवाह गरे वा गराएमा एक वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवानाको प्रस्ताव छ । त्यस्तै, १८ वर्षभन्दा माथि २० वर्षसम्मका उमेरका व्यक्तिबीच विवाह गरे वा गराएमा ५ हजार रुपैयाँसम्म जरिवानाको मात्र सजाय निर्धारणको प्रस्ताव छ । १६ वर्षभन्दा माथि २० वर्षभन्दा कम उमेर भएका व्यक्तिले आपसी मञ्जुरीमा विवाह गरेकामा त्यस्ता व्यक्ति २० वर्ष उमेर नपुगेसम्म अलगअलग बस्न मञ्जुर भएमा त्यस्ता व्यक्ति सजायको भागिदार हुने छैनन् । अनुसन्धान अधिकारीले कागज गराई उनीहरूलाई छोड्न सकिने विधेयकको मस्यौदामा भनिएको छ ।

कानुनले तोकेको उमेर नपुगी विवाह भएको व्यक्तिले २० वर्ष उमेर पूरा भएपछि विवाह बदर गराउन चाहेमा २० वर्ष पुगेको मितिले ३५ दिनभित्र बदर गर्न सकिने प्रावधान मस्यौदामा राखिएको छ । तर, बच्चाको जन्म भइसकेको वा पत्नी गर्भवती भएमा विवाह बदर हुनेछैन ।

## मुस्ताङ...

ठाउँ ठाउँमा हिलो थियो । कहीं पक्की त कहीं कच्ची अनि उकालो र ओराला सडकलाई छिचोल्दै र एकपछि अर्को ठाउँ छोड्दै हामी पुग्यौं जोमसोम । जोमसोम चिसो ठाउँ रहेछ । कता कता चिसो भयो मलाई । मनदेखि मुस्ताङ छुने तातो इच्छा छ । त्यसैले बाहिर बढिरहेको जाडोलाई भित्रभित्रै दबाएर म हात बाँधेरै भए पनि बसें । बाटामा मोटरसाइकल हाँक्दै र ब्याग बोकेर हिड्नेको संख्या समेत थियो । हामीले शङ्का गर्‍यौं यी बाइक पनि मुस्ताङतिर लागेको हुनुपर्छ ।

साँझ सात बजे हामीले जोमसोम, मुस्ताङ टेक्यौ । पर्यटकको भीड लाग्ने समय भएकाले होटल भेट्न सजिलो भएन । बल्ल बल्ल नन्दिता रेस्टुरेन्ट एण्ड होटलमा कोठा मिल्यो र बास बस्यौं । खासगरी, मुस्ताङ जिल्ला, बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागवेनीमा आफ्ना पितृहरुको श्राद्ध गर्न र मुक्तिनाथ दर्शन गर्नका लागि नेपालका अधिकांश जिल्लाका साथै भारतबाट समेत बर्सेनि हजारौं भक्तजन आउने गरेका कारण पनि जोमसोमका होटलहरु भरिभराउ हुँदा रहेछन् । शुक्रबार बिहान हामीले पहिलो मुक्तिनाथ जाने निधो गर्‍यौं । जब मुक्तिनाथतर्फ यात्रा अघि बढ्दै थियो । भान्जा विमलले सोधे' कागवेनी पनि जाने कि ? हामीले मुन्टो हल्लायौं । जोमसोमबाट हाम्रो यात्रा कागबेनीतिर सुरु भयो । कालीगण्डकीको स्वच्छन्द रूप देखिएकै छ बायाँतिर । बगरको फराकिलो रूप अचम्मलाग्दो छ । जोमसोमबाट हिँडेको आधा घण्टा जतिमा पुगियो कागवेनी छेउ । कागवेनीवाट मुक्तिनाथ जाने र उपल्लो मुस्ताङ जाने बाटो छुट्टिने रहेछ । उपल्लो मुस्ताङ जाने बाटो अझै तिरैतिर जान्छ भने मुक्तिनाथ जाने चाहिँ आडैको दाहिनेतर्फको पहाडतिर उक्लिन्छ । मुक्तिनाथ जोमसोमवाट २१ कि.मी. टाढा रहेको भन्ने मलाई म्याग्दीका पत्रकार मित्र प्रताप बानियाँले भन्नुभएको थियो । जोमसोमदेखि नै हावा निक्कै चलिरहेको थियो ।

कागबेनीबाट उकालो लागेपछि कालीगण्डकीको तिरैतिर हुने यात्रा सकिँदो रहेछ । धार्मिक तीर्थस्थल बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको कागबेनी श्राद्धस्थलमा सर्वसाधारणको निक्कै ठूलो भीड लागेको थियो । कागबेनी श्राद्धस्थल अन्य तीर्थस्थलभन्दा उत्तम भएकाले यहाँ श्राद्ध गर्न जानेहरुको सङ्ख्या ठूलो हुने रहेछ । कागबेनीमा मुक्तिनाथबाट आएको खोला र कालीगण्डकीको दोभान रहेछ । यही दोभानमा बाबुआमा नहुनेहरूले तीर्थश्राद्ध गर्दछन् रे । त्यहाँ केही समयको आनन्द लिएपछि हामीलाई लिएर गाडी मुक्तिनाथतर्फ अघि बढ्यो । मुक्तिनाथतिर उक्लँदा बाटामा थुप्रै झरना देख्यौं । मुक्तिनाथ तीन हजार आठसय मिटरको उचाइमा रहेछ । उचाइमा आएकाले होला शारीरिक रूपमा केही गाह्रो भइरहेको थियो । बिहान नौ बजे हामी मुक्तिनाथको मन्दिर पुग्यौं । पूजा समाग्री किनेर हामी पनी मुक्तिनाथ मन्दिरका खुट्किला उक्लन थाल्यौं । एक दुई खुट्किलो उक्लदैं सास फुल्ने हुनाले बिस्तारै मन्दिर परिसर हेर्दै अगाडि बढ्यौं । मुक्तिनाथ मन्दिर भन्दा उत्तरपट्टि वरिपरि नै धारा रहेछन् । सबै धाराको पानीले नुहाउनुपर्छ भनेर मान्छेहरू लहरै धारा वनाएर खसालिएका पानी टाउकोमा पार्दै दगुरिरहेको दृश्य कम लोभ लाग्दो थिएन । १०८ धाराबाट झरर पानी झरिरहेको थियो । शीरमा जल सेचन गरेपछि मन्दिरमा पूजाका लागि लाम बस्यौं । एक सय आठ धारामा नुहाएर काँप्दै पूजा गर्न लहरबद्ध हुने मानिसहरु पनि थुप्रै थिए । केही मानिसहरु दर्शनका लागि दक्षिण भारतबाट आएका रहेछन् ।त्यहाँको पूजाआजा सकेर हामी सोझै मुस्ताङ जिल्लाको घरपझोङ गाउँपालिका छिरियो । जहाँ उपाध्यक्ष जमुना थापा मगरले हामीलाई खादा पहिर्‍याएर स्वागत गर्नुभयो । खास गरी मुस्ताङ जिल्लाले कृषि र पर्यटनका क्षेत्रले परिचित रहेछ । यो कुराबाट उहाँबाट थाहा भयो । दुवै पालिकाका विषयमा छलफल भए । ५ वटा वडा रहेछ घरपझोङ गाउँपालिकामा । अहिले पनि गाउँ बुढाकै चलन रहेछ त्यहाँ । करीव आधा घण्टाको भलाकुसारीपछि हाम्रो टोली पोखरातर्फ हिड्यो । पोखरा आइपुग्दा झम्मकै साँझ परिसकेको थियो ।

बाटामा बागलुङ भगवतीको दर्शन गर्दै पोखरामा बास बस्न आइपुगेका थियौं । शुक्रबार पोखराको बासपछि शनिबार बिहान यात्रा सोझै पूर्वघरतर्फ लाग्यो । शनिबार हेटौडाको शहिद स्मारक हेर्दै बर्दिबास आइपुग्दा रात परेका कारण बास भने होटल यसमा भयो । आइतवार दिउँसो टोली झापा आइपुगेको थियो ।

# मेचीनगरमा 'पुरुष सञ्जाल' गठन

मेचीनगर(प्रस) । मेचीनगर नगरपालिकाले लैङ्गिक हिंसा अन्त्यका लागि 'पुरुष सञ्जाल' गठन गरेको छ । यही बैशाख २४ गते मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकीको अध्यक्षतामा बसेको बैठकले लैङ्गिक हिंसा अन्त्यका लागि 'पुरुष सञ्जाल' को संयोजकमा मोहन काजी न्यौपानेलाई राख्ने निर्णय गरिएको छ । संयोजक काजीको नेतृत्वमा १५ सदस्यीय 'पुरुष सञ्जाल' गठन भएको हो । समितिको सचिवमा हिम्मत क्षेत्री तथा सदस्यहरुमा मनकुमार लिम्बु, हेमेन्द्र निरौला, केसाङ्ग लामा, अपूर्व डाँगी, रुपसागर अधिकारी, मञ्जिल देवान, कृष्ण श्रेष्ठ, तिलक श्रेष्ठ, थेसीस रुचाल, इश्वर रिजाल, गणेशबहादुर कार्की, सचेत घिमिरे रहेका छन् ।१५ जनाको समितिमा एक जना पछि थप गरिने बताइएको छ । संयोजक काजी मेचीनगर-१० निवासी झापाका अग्रज पत्रकार हुन् । लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना अन्तरगत मेचीनगरमा लैङ्गीक हिंसा न्यूनीकरणका लागि 'पुरुष सञ्जाल' गठन गर्ने निर्णय गरिएको नगरप्रमुख बुढाथोकीले जानकारी दिए । यसैगरी नगरपालिका क्षेत्रभित्रका १५ वटै वडाबाट २ जना सदस्य रहने गरी वडास्तरीय 'पुरुष सञ्जाल' विस्तार गर्ने समेत निर्णय गरिएको महिला विकास अधिकृत जयन्ती खरेलले बताइन् । नयाँ समितिलाई लैङ्गिक हिंसा सम्बन्धी क्षमता र अन्तरक्रिया कार्यक्रमका लागि चाँडै तालिमको व्यवस्था गरिने नगरपालिकाले जनाएको छ ।

# 'माटोको सुगन्ध' गीति कृतिमाथि विमर्श

बिर्तामोड(प्रस) । नारायण गोपाल स्मृति प्रतिष्ठान बिर्तामोड-३, झापाको आयोजनामा गीतकार टीका भट्टराईको छैटौं गीति कृति 'माटोको सुगन्ध' माथि विमर्श गरिएको छ।



कार्यक्रम प्रतिष्ठानका अध्यक्ष मोहन सिवाकोटीको अध्यक्षतामा तथा रेडियो नेपालका निर्देशक डा. टीका भण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो। कार्यक्रममा पूर्व राष्ट्रिय सभा सदस्य हरिचरण सिवाकोटी, जिल्ला समन्वय समितिकी उपप्रमुख शान्ता रोक्का, वरिष्ठ साहित्यकार चन्द्र भण्डारी, प्रतिष्ठानका प्रमुख सल्लाहकार उमानाथ ओली, वरिष्ठ लोकगायक अनिरुद्ध ओली, वरिष्ठ गजलकार केशव आचार्य, संगीतकार हस्त परियार, सल्लाहकार गणेश ओली, केशव पाठक, साहित्यकार देशु सुब्बा, श्याम गुरुङ, अर्जुन पाठक, दिलीप घिमिरे, कोसिस घिमिरे, गायक चेतन चुडाललगायतको उपस्थिति रहेको थियो। कार्यक्रममा १८ जना स्रष्टाहरूले लेखिकाका गीतहरूको वाचन तथा आफ्ना सिर्जना प्रस्तुत गरेका थिए। गीत-साहित्यमा टीका भट्टराईको योगदान र उनको सिर्जनाको गहिराइबारे स्रष्टाहरूले विविध कोणबाट चर्चा गरेका थिए। कार्यक्रममा पुण्य खरेल र चन्द्र भण्डारीले शुभकामना मन्तव्य व्यक्त गरेका थिए भने खगेन्द्र खुशीले लेखिकाको जीवनीमाथि प्रकाश पारेकी थिइन् । समीक्षक विवश बलिभद्र कोइरालाले 'माटोको सुगन्ध' गीति संग्रहको समालोचना प्रस्तुत गरेका थिए। साहित्यिक वातावरणमा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन प्रतिष्ठानका सचिव रुद्र सिटौलाले गरेका थिए ।

# भरुवा बन्दुक पड्किएर मगरको मृत्यु

झापा(प्रस) ।शिकार खेल्न गएका पाँचथरमा एक व्यक्तिको भरुवा बन्दुक पड्किएर मृत्यु भएको छ ।

मंगलवार राति ११.३५ बजे पाँचथर फाल्गुनन्द गाउँपालिका-१ उतेस्नीस्थित जंगलमा फिदिम नगरपालिका- ९ दरेनी बस्ने ३३ वर्षीय मनबहादुर सम्बाहाम्फे र सोही ठाउँ बस्ने २० वर्षीय सुन्दर मगर घरेलु भरुवा बन्दुक लिई शिकार खेल्न गएका थिए । बाटोमा मानिस आउँदै गरेको देखेर सुन्दर सारु मगरले भरुवा बन्दुक झाडीभित्र लुकाउने क्रममा अचानक भरुवा बन्दुक पड्किई उनको पेटमा लागेको थियो । घाइते मगरलाई जिल्ला अस्पताल पाँचथर फिदिम ल्याई चेकजाँच गर्दा उनको मृत्यु भइसकेको थियो । मृतकको शव जिल्ला अस्पताल पाँचथरको शवगृहमा राखिएको छ । संगै शिकार खेल्न गएका मनबहादुर सम्बाहाम्फेलाई भरुवा बन्दुकसहित प्रहरीले नियन्त्रणमा लिएको छ ।

## कनकाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**जामुनवारी झापा, कोशी प्रदेश, नेपाल**
**मितिः २०८२-०२-१**

## सँधियारको नाममा जारी भएको १५ दिने सूचना

कनकाई नगरपालिका वडा नं. ८ कि.नं. ५४१९ क्षेत्रफल ०-०-११.५ बिघा-कठ्ठा-धुर (ज.वि) मा तपसिलको विवरणमा भए वमोजिमको इटा, ढुंगा, सिमेन्ट जोडाइ गरी बनाउने पुरानो घरको नक्सा पास गरी पाउँ भनी कनकाई ८ लक्ष्मीपुर, झापा बस्ने श्री सन्ध्या झाले दिएको निवेदन अनुसार निवेदकको पक्की पुरानो घर नक्सा पास गरी दिँदा साँध सँधियारहरुलाई कुनै पिर मर्का पर्छ? आफूलाई पिर मर्का परी हानि नोक्सानी हुने भए सो सूचना तपाईले पाएको वा घरदैलोमा टाँस भएको मितिले १५ दिनभित्र दरखास्त साथ उजुर गर्न आउनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ३१ (क) दफा २८ बमोजिम यो सूचना जारी गरिएको छ । म्यादभित्र कसैको उजुर पर्न नआएमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ नियम बमोजिम नक्सा पास भई जानेछ र पछि कसैको उजुर बाजुर लाग्ने छैन ।

**साँध/सँधियारहरु**

| दिशा | छाडेको आफ्नो जग्गा | कि.नं. | नाम |
|---|---|---|---|
| पूर्व | ४१ फिट | ५४१८ | ज्ञान बहादुर दाहाल |
| पश्चिम | ५८ फिट | | बाटो |
| उत्तर | ३५ फिट | | बाटो |
| दक्षिण | ६० फिट | २०८९ | हरिशरणा भट्टराई |

**तपसिल घर कम्पाउण्डवाल नाप**

| विवरण | लम्बाई (फिट) | चौडाई (फिट) | उचाई (फिट) | तला संख्या |
|---|---|---|---|---|
| | ३३.१६ | २९.५ | १०.४१ | भुइँ तला |
| | ३४.१६ | २९.५ | १०.४१ | पहिलो तला |
| | ३४.१६ | २९.५ | १०.४१ | दोस्रो तला |

नोटः निर्माणकर्तालाई सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा वडा कार्यालयमा सम्पर्क राख्नु हुन र स्वीकृति पत्र लिनुपूर्व निर्माण कार्य गरेमा प्रचलित ऐन बमोजिम कारबाही हुने व्यहोरा जानकारी गराइन्छ ।

## राहदानी हरायो

निम्न व्यहोराको राहदानी दमकबाट चारपाने आउने क्रममा २०८१/१०/१२ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।

**सम्पर्क : सुजता चुडाल**
**ठेगाना: अर्जुनधारा न.पा.-५, झापा**
**मो: ९८१६०१४११२**

## बिर्तामोड नगरपालिकाको
### अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।

**बिर्तामोड नगरपालिका**
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# अगाडि नै तयारी गरौं

**बेमौसमी वर्षामै उदयपुरमा एउटा बस बगेको छ। धेरै बाटाहरु अवरुद्ध भएका छन्। असार, साउन र भदौ महिना बढी वर्षा हुने समय हो। त्यसैले त यी महिनालाई बर्खाको समय पनि भन्ने गरिन्छ। यस वर्षको बर्खा सुरु हुन निकै बाँकी छ। पानी पर्न थालेपछि बर्खे खेतीको काम सुरु हुन्छ। दुई दिन लगातार पानी पर्यो कि बाढी, पहिरो र डुबानको सामना गर्नुपर्छ।**

**वर्षायाममा सुरु हुनसाथ नेपालीले वर्षेनि विपत्तिको सामना गर्नु परिरहेको छ। पहाडी क्षेत्रमा पहिरो गएर दुःख दिने गर्दछ भने तराई क्षेत्रमा डुबानले सताउने गरेको छ। प्राकृतिक प्रकोप बाजा बजाएर आउँदैन र कुनै स्थान र क्षेत्र तोकेर आउँदैन। यो आकस्मिकता भए पनि थोरै सावधानी अपनाउँदा जीवन जोगाउन सकिन्छ।**

**तर पर्याप्त सावधानी नअपनाउँदा अकालमा जीवन जाने गरेको छ भने करोडौंको भौतिक क्षति हुने गरेको छ। नेपालमा बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी, शीतलहर आदि प्रत्येक वर्ष आउँछन् र ठूलो परिमाणको मानवीय, भौतिक एवं अन्य क्षति पुर्याएर जान्छन्। यस्ता प्रकोपबाट बँच्न पर्याप्त सावधानी नअपनाउँदा नै क्षति हुने गरेको छ। वर्षेनि हुने यस्ता विपत्तिबाट पाठ नसिक्नु, पर्याप्त पूर्व तयारी नगर्नु, विपद् सामना गर्न सरकारी संयन्त्र तयारी अवस्थामा नरहनु विडम्बना हो। प्राकृतिक समस्या पूर्व सूचना दिएर आउँदैन भन्ने कुरा सबैलाई थाहा छ। तर यस्ता प्राकृतिक विपत्तिको दीर्घकालीन समाधान नखोजिदा वर्षै पिच्छे एउटै समस्याबाट पीडित हुनुपरेको अवस्था छ। नेपालमा स्थानीय,प्रदेश र संघीय गरी तीन तहका सरकार छन्। तर प्राकृतिक जस्तो विपत्तिबाट आम जनतालाई जोगाउने र भौतिक क्षति कम हुने दिशामा एकरत्ति पनि सोंचेका छैनन्। विपद् जस्तो संवेदनशील विषय सरकारको प्राथमिकतामा पर्दैन। बर्खाको समयमा कति बेला कहाँ के हुन्छ कसैलाई थाहा हुँदैन। तर विपद् आउनुपूर्व नै विशेष सावधानीका उपायहरु अवलम्बन गर्न सकियो भने केही हदसम्म भएमा पनि क्षति हुनबाट बचाउन त सकिन्छ। त्यसतर्फ सरकार र सम्बन्धित निकायले सोच्न जरुरी छ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# चुनौतीले थिचिएको हाम्रो अर्थतन्त्र कसरी ल्याउने लयमा?



• डा. अंगराज तिमिल्सिना

नेपाली अर्थतन्त्रमा धेरै चुनौती घरेलु खालका छन्। कोरोनाकालमा राज्यले लागू गरेका कर्जा लगायतका नीति; अनुत्पादक क्षेत्रमा दिइएको कर्जा; नियमनको अप्रभावकारिताले लघुवित्त, सहकारी आदि क्षेत्रमा देखिएका समस्या घरेलु हुन्।

राज्यको स्रोत परिचालनमा आएको समस्या, निर्माण र अन्य क्षेत्रको भुक्तानी रोकिएको अवस्था आदिले अर्थतन्त्रमा ल्याएको शिथिलता पनि घरेलु नै हो।

विश्वका धेरै देशले वित्तीय उपयुक्त नीतिको सहारामा कोरोनाको आर्थिक असर कम गर्ने कोसिस गरे। नेपाल मौद्रिक नीतिमा बढी भर पर्‍यो।

नेपालको अर्थतन्त्र लयमा ल्याउन विश्वको भू-राजनीति र अर्थ-राजनीति बुझ्न आवश्यक छ।

अहिले धेरै अल्पविकसित देशहरू एकातिर समान चुनौती सामना गरिरहेका छन्, अर्कोतिर सीमित स्रोतसाधनका लागि प्रतिस्पर्धा गरिरहेका छन्। कमजोर आर्थिक वृद्धिका कारण धेरै देशहरूको वित्तीय स्रोतको दायरा खुम्चिएको छ, सार्वजनिक ऋणको बोझ बढिरहेको छ।

उच्च मुद्रास्फीतिले आर्थिक वृद्धिको लक्ष्य साध्न मौद्रिक नीतिको दायरा पनि सीमित बनाएको छ। विश्व अहिले अभूतपूर्व चुनौतीबाट गुज्रिरहेको छ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका अनुसार विश्वले द्वन्द्व, जलवायु अस्तव्यस्तता, आर्थिक अस्थिरता र सामाजिक असमानताको पूर्ण आँधी सामना गरिरहेको छ।

रुस-युक्रेन युद्ध, इसराइल-गजा द्वन्द्व, दक्षिण अमेरिका-चीन विवाद, अफ्रिका र मध्यपूर्वमा वर्षौंदेखि चलिरहेको भूराजनीतिक तनाव र द्वन्द्वले विश्वव्यापी रूपमा खाद्य, ऊर्जा, वित्त र प्रविधि आपूर्तिमा अवरोध गरेका छन्। यसबाट देशहरूबीचको सहकार्य अवरूद्ध भएको छ।

अर्कोतिर सैन्य खर्च, शरणार्थीको संख्या र मानवीय संकटहरूमा उल्लेख्य वृद्धि भइरहेको छ। विश्वभर नै राज्यले शिक्षा, स्वास्थ्य आदि सामाजिक क्षेत्रमा गर्ने खर्च घटेको छ।

स्टकहोम पिस-रिसर्च इन्स्टिच्युटका अनुसार सन् २०२४ मा विश्व सैन्यखर्च दुई हजार ७१८ अर्ब डलर (झन्डै ३ ट्रिलियन डलर) पुगेको छ। यो खर्च सन् २०१५ को तुलनामा ३७ प्रतिशतले बढी हो। सन् २०२४ मा मात्र ९.४ प्रतिशतले वृद्धि भएको छ।

आर्थिक सहयोग तथा विकास संगठन (ओइसिडी) का अनुसार सन् २०२४ मा दातृ राष्ट्रहरूबाट प्राप्त वैदेशिक सहायता ७.१ प्रतिशतले घटेर सन् २०२३ को तुलनामा २१२ अर्ब डलरमा झरेको छ। सन् २०२५ मा १७ प्रतिशतसम्म घट्ने अनुमान छ।

उसै पनि अमेरिकाले नेपालका ३४ वटा परियोजनामा सन् २०२७ सम्मका लागि दिने भनिएको ७० करोड डलर (९५ अर्ब रूपैयाँभन्दा बढी) सहयोग बन्द हुँदा विशेष गरी स्वास्थ्य क्षेत्रमा असर परेको छ।

धनी देशहरूको वैदेशिक सहायता कटौतीले नेपालजस्ता देशहरूलाई विकासमा चाहिने वित्तीय स्रोत परिचालन कठिन बन्दै जानेछ। दातृ राष्ट्रहरूले सहायता कटौती गरेका कारण दिगो विकासका लागि चाहिने वित्तीय स्रोतको कमी सन् २०३० सम्ममा ६.४ ट्रिलियन अमेरिकी डलर पुग्ने अनुमान छ।

नेपालजस्ता देशहरूले दाताबाट सीमित रूपमा पाएको स्रोतको प्रभावकारिता बढाउन अत्यावश्यक छ। घरेलु स्रोत परिचालनको गुणस्तर बढाउनु र निजी क्षेत्र राम्ररी परिचालन गर्नुको विकल्प छैन।

सम्पत्ति शुद्धीकरण र आतंकवादमा जाने बित्तको निगरानी राख्ने अन्तर्राष्ट्रिय संस्था 'एफएटिएफ' को 'ग्रे लिस्ट' मा परेका राष्ट्रलाई स्रोत परिचालन गर्न झन् कठिन हुने देखिन्छ।

अर्कोतिर दाताहरूका तर्फबाट अनुदानको सट्टा ऋणमार्फत सहायता दिने प्रवृत्ति बढ्दो छ। सन् २०२१ र सन् २०२२ बीचमा विकासशील देशहरूलाई दिने अनुदान ८ प्रतिशतले घट्यो। यही अवधिमा ऋण ११ प्रतिशतले बढ्यो। ऋणको भार थुप्रिँदै जाँदा अल्पविकसित देशहरूमाथि ऋण संकटको जोखिम बढ्छ। परिणाम स्वरूप स्वास्थ्य, शिक्षा र विकासका महत्त्वपूर्ण पूर्वाधारमा भन्दा बढी रकम ऋण सेवामा छुट्याउनुपर्ने हुन्छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा भएको अमेरिका-चीन र अन्य थुप्रै देशहरूसँग कर-युद्धले अमेरिका र चीनभन्दा धेरै टाढासम्म प्रभाव पारेको छ। यसले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा विकासशील देशहरूको आर्थिक वृद्धिमा असर गरेको छ।

असर यतिले मात्र सकिँदैन। विश्वव्यापी व्यापार प्रवाहमा अवरोध भएको छ। बजारको अनिश्चितता बढेको छ। वस्तु निर्यात र आयात गर्ने दुवै थरीका देशहरूमा मागको ढाँचामा परिवर्तन हुँदै गएको छ।

अझ महत्त्वपूर्ण कुरा, व्यापार युद्धले विश्वव्यापी वित्तीय अनिश्चितता बढाएको छ। परिणाम स्वरूप विनिमय दर, लगानी प्रवाह र वस्तुको मूल्यमा असर परेको छ।

यी क्षेत्रहरूमा विकासशील देशहरू पहिल्यैदेखि नै कमजोर र असुरक्षित छन्। लगानीकर्ताहरूले अमेरिकी 'ट्रेजरी बन्ड' जस्ता सुरक्षित लगानीका स्रोतहरू खोज्दा उदीयमान बजारहरूबाट पुँजी पलायनको जोखिम त छँदैछ, स्वदेशी मुद्राको अवमूल्यनले आयात महँगो र बाह्य ऋणसेवा पनि कठिन बनाउँदै लगेको छ।

बढ्दो व्यापार तनाव मुख्य कारकका रूपमा उल्लेख गर्दै अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले विश्वको आर्थिक वृद्धि सन् २०२५ मा २.८ प्रतिशत र सन् २०२६ मा ३ प्रतिशत हुने प्रक्षेपण गरेको छ।

कुनै प्रभावकारी कदम चालिएन भने अनियन्त्रित जलवायु परिवर्तनले सन् २०५० सम्ममा विश्वव्यापी कुल उत्पादन १८ प्रतिशतसम्म घटाउने छ। धनी र गरिब देशबीचको असमानता अझै गहिरिनेछ। जलवायु प्रभावित ऋण र सम्पत्तिमा जोखिमका कारण वित्तीय प्रणालीको जोखिम उच्च दरमा बढ्नेछ।

जलवायु परिवर्तन र चरम मौसमी घटनाहरूले पहिले नै नेपालको कुल गार्हस्थ्य उत्पादनको १.५ प्रतिशतदेखि २ प्रतिशत बराबर वार्षिक आर्थिक क्षति निम्त्याएका छन्। सन् २०५० को दशकसम्म नेपालमा जलवायु परिवर्तनको प्रत्यक्ष र अप्रत्यक्ष प्रभावले वार्षिक कुल गार्हस्थ्य उत्पादनमा २ देखि ३ प्रतिशतसम्म घाटा निम्त्याउन सक्ने प्रक्षेपण छ।

ऐतिहासिक सन्दर्भ हेर्दा निःसन्देह दक्षिण एसियाली देशहरूको आर्थिक विकासमा भारत-पाकिस्तान द्वन्द्वले अन्तरक्षेत्रीय व्यापार, आर्थिक एकीकरण, प्रत्यक्ष विदेशी लगानी र पुँजी प्रवाहमा अवरोध गरिरहेको छ।

दक्षिणपूर्वी एसियाली देशहरूको २५ प्रतिशतको तुलनामा दक्षिण एसियाली देशहरूको व्यापार कुल व्यापारको ५ प्रतिशतभन्दा कममा अड्किएको छ। क्षेत्रीय व्यापारमार्फत वस्तुको मूल्य शृंखलामा वृद्धि, साझा पूर्वाधार निर्माण, क्षेत्रीय निर्यातको प्रतिस्पर्धात्मकता र विविधीकरणमा भारत-पाकिस्तान द्वन्द्वले असर पारेको छ।

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२५ मा दक्षिण एसियाको आर्थिक वृद्धिदर ५.७ प्रतिशत हुने अनुमान छ। नेपालको आर्थिक वृद्धिदर केवल ४ प्रतिशत हुने अनुमान छ, जो नेपालको ६० वर्षको औसत वृद्धिदर हो।

यस्तो न्यून आर्थिक वृद्धिदरको पासोबाट उम्किन अब ल्याइने वार्षिक बजेट कार्यान्वयनको तौरतरिकामा आमूल परिवर्तन आवश्यक छ।

सन् १९८० दशकको सुरूआतमा न्युजिल्यान्डले आफ्नो सार्वजनिक क्षेत्र र बजेट प्रणालीमा मौलिक परिमार्जन गर्‍यो। परम्परागत रूपले चारैतिर कनिका छरेजसरी बजेट छर्ने ढाँचाबाट परिणामको ढाँचामा गयो। यो ढाँचा हाल नयाँ सार्वजनिक व्यवस्थापनमा वित्त सुधारको मोडल मानिन्छ।

यो मोडलका मुख्य तीनवटा विशेषता छन् – उत्पादनमा आधारित बजेट, स्पष्ट जवाफदेयिता (मन्त्रीले नीतिगत लक्ष्य तय गर्ने र विभागीय प्रमुखहरूलाई परिणाम दिन व्यक्तिगत रूपमा जवाफदेयी बनाउने) र पारदर्शी वित्तीय रिपोर्टिङ (सरकारी दायित्वमा पर्ने सबै खर्चको लेखाजोखा बजेट बनाउँदा नै समेट्ने)।

नेपालको अर्थतन्त्रका विगत दुई-तीन दशकमा झाँगिँदै गएका दुई मुख्य संरचनात्मक कमजोरी हुन् – कम उत्पादकत्व र औद्योगिक क्षेत्रको खस्किँदो अवस्था। यो कमजोरीका कारण गैरकृषि क्षेत्रमा रोजगारी सिर्जना सुस्त भएको छ। उत्पादन क्षेत्र निरन्तर गिरावटमा छ। प्रचुर सम्भावना रहेको पर्यटन क्षेत्रको पूर्वाधार अविकसित छ।

नेपाली अर्थतन्त्रको बाह्य क्षेत्र सन्तुलनमा राख्न (जस्तो- आयातका लागि चाहिने विदेशी मुद्रा जोहो गर्न) रेमिटेन्स एउटा शक्ति हो तर यो शक्ति बाह्य जोखिमहरूको एक हिस्सा पनि हो।

रेमिटेन्समा अधिक निर्भरताले 'डज डिजिज' बढ्ने खतरा हुन्छ। अर्थशास्त्रमा 'डज डिजिज' भनेको उत्पादन र निर्यातमा बढावा नदिँदा देशको अर्थतन्त्र आयातमुखी बन्ने खतरा हो।

नेपालले वित्तीय बजारमा खराब ऋण र कमजोर नियमनकारी अवस्थाको जोखिम पनि भोगिरहेको छ। वित्तीय क्षेत्रको सम्पत्तिको गुणस्तरमा थप गिरावटले निजी क्षेत्रको ऋण प्रवाह, लगानी र उपभोगमा असर पार्ने देखिन्छ। एफएटिएफको ग्रे सूचीमा नेपालको निरन्तरताले अन्तर्राष्ट्रिय वित्तीय लेनदेन र लगानीकर्ताको विश्वासमा ठूलो असर पार्नेछ।

नेपालमा न्यून पुँजीगत खर्च र परियोजनाको निर्माणमा अत्यधिक ढिलाइ हुने पुरानो रोग त छँदैछ, राजस्व परिचालन र विनियोजनको दायरा पनि सीमित छ। यस्तो सीमितताले आर्थिक व्यवस्थापन र विकास योजनामा गम्भीर असर पुर्‍याएको छ।

नेपाललाई तत्काल ऋणको संकट छैन तर हालैका वर्षहरूमा सार्वजनिक ऋण उल्लेखनीय रूपमा बढेको छ। सन् २०२५ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा राष्ट्रिय ऋणको अनुपात ४९ प्रतिशतभन्दा माथि पुग्ने अनुमान छ।

चालु आर्थिक वर्षमा बजेटको २२ प्रतिशतभन्दा बढी रकम ऋणको साँवाब्याज तिर्न छुट्याइएको छ।

यस्तो व्ययले सरकारी राजस्वको बढ्दो हिस्सा खपत गर्छ, नयाँ विकास परियोजनाका लागि स्रोत सीमित हुन्छ। बढ्दो ऋण दायित्वले आपतकालीन राहतको सरकारी क्षमता (क्राइसिस रेस्पोन्स) पनि कमजोर बनाउँछ।

चालु आर्थिक वर्षको बजेटमा ६५ प्रतिशतभन्दा बढी रकम साधारण खर्चका लागि छुट्याइएको थियो।

नेपालको राजस्वको धेरै भाग सार्वजनिक क्षेत्रको तलब, पेन्सन र सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू (वृद्ध भत्ता, गरिबी राहत, स्वास्थ्य अनुदान आदि) मा जाने गरेको छ। यसले पूर्वाधार, शिक्षा र स्वास्थ्य सेवामा पुँजी लगानी सीमित बनाएको छ।

प्रदेश र स्थानीय तहलाई संघले हस्तान्तरण गर्ने स्रोत पनि दुई धारको तरबार जस्तो बन्ने पक्का छ। संघको स्रोत खुम्चिँदा प्रदेश र स्थानीय तहले कम पैसा पाउँछन्। यसो भएपछि यी दुई तहले विकासमा प्रभावकारिता देखाउन सक्दैनन्। परिणाम स्वरूप संघीयताको सान्दर्भिकतामाथि नै प्रश्न उठ्छ।

नेपालको पुँजीगत (विकास) बजेट विदेशी ऋण र अनुदानमा निर्भर छ। यसले गर्दा दाताका प्राथमिकता राष्ट्रिय विकास लक्ष्यसँग मिलाउनुपर्ने चुनौती छ। हामीले आर्थिक र वित्तीय शासनमा सुधार गर्न नसके विकासका लागि चाहिने स्रोत जुटाउन कठिन हुँदै जानेछ।

एफएटिएफले सम्पत्ति शुद्धीकरण र आतंकवाद विरोधी वित्तीय परिचालनमा जोखिम र रणनीतिक कमजोरीहरू देखेर नेपाललाई ग्रे सूचीमा राखेको हो। यो सूचीबाट हट्न एकातिर सरकारको बृहत्तर भूमिका र रणनीति चाहिन्छ,।अर्कोतिर वित्तीय क्षेत्रको नियामक र पर्यवेक्षकका रूपमा नेपाल राष्ट्र बैंकको भूमिका महत्त्वपूर्ण हुन्छ।

समग्र आर्थिक क्षेत्रका समस्या हल गर्न खनाल आयोगले दिएका आर्थिक सुधार सम्बन्धी सुझाव २० प्रतिशत मात्रै कार्यान्वयन गर्न सके पनि ठूलो फड्को हुनेछ।

एफएटिएफले औंल्याएझैं उच्च जोखिम भएका र राजनीतिक रूपमा खुला व्यक्ति तथा संस्थाहरू (पोलिटिकल्ली एक्स्पोज्ड पर्सन्स) पहिचानका लागि प्रभावकारी नियमन आवश्यक पर्छ। यस अतिरिक्त कुन कम्पनीमा कसको कति स्वामित्व छ, यी कम्पनीका मालिक को हुन् भन्ने पारदर्शिता कायम गराउन सके सम्पत्ति शुद्धीकरणका आधा समस्या समाधान हुनेछन्।

नेपालको वित्तीय नियमन अहिले पनि सूचीमा चिन्ह लगाउने तरिकामा आधारित छ। राष्ट्र बैंकले जोखिममा आधारित पर्यवेक्षणको क्षमता सुदृढ गर्नु आवश्यक छ।

विशेष गरी एफएटिएफले कमजोर नियमनका रूपमा पहिचान गरेका घरजग्गा वित्त, सीमापार रेमिटेन्स र असामान्य ढाँचाका कारोबार (द्रुत निक्षेप, व्यापार सम्बन्धी विसंगति वा राउन्ड-ट्रिप लेनदेन) मा बैंकहरूलाई स्वचालित लेनदेन-निगरानी प्रणाली तैनाथ गर्न प्रोत्साहित गर्नुपर्छ। यसबाट संस्थागत विश्लेषणका लागि समयमै सूचना उपलब्ध हुन्छ।

त्यसरी नै, जोखिम पहिचान गरी वित्तीय पारदर्शिता र सदाचार बढाउन विदेशी वित्तीय नियामकहरू, देशभित्रका अन्य निकायहरू र निजी क्षेत्रसँगको सहकार्य संस्थागत गर्नु आवश्यक छ। वित्तीय क्षेत्रका जोखिम पहिचान र सार्वजनिक गर्ने तथा जोखिम घटाउने उपाय कार्यान्वयनको अवस्था समीक्षा गर्ने प्रणाली पनि संस्थागत बनाउनुपर्छ।

# महिलामैत्री बजेटको प्रभावकारिता



• डा. भद्रा पराजुली भण्डारी

नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्र हो, जहाँ समानता र समावेशिताको आदर्श संविधानमा सुरक्षित छ तर व्यवहारमा लैङ्गिक समानता अझै पनि पहुँचको, चेतनाको र अवसरको लडाइँ हो। यो लडाइँ केवल गाउँका महिलाको होइन, काठमाडौंको उच्च शिक्षित महिलाको पनि हो। यही सन्दर्भमा 'महिला मैत्री बजेट' अथवा जेन्डर रेस्पोन्सिभ बजेटिङ (जिआरबी) ले महिलालाई आर्थिक, सामाजिक र राजनीतिक रूपमा सशक्त बनाउने एउटा सम्भावनायुक्त तर अधुरो बाटो सङ्केत गर्छ।

महिलामैत्री बजेटको मूल भावना के हो भने, कुनै पनि नीति वा कार्यक्रम बनाउँदा त्यसले महिलामा कस्तो असर पार्छ, त्यो मूल्याङ्कन गरिनु पर्छ। बजेट निर्माण, कार्यान्वयन र मूल्याङ्कनको सबै चरणमा महिलाको अवस्था र आवश्यकता बुझेर समावेश गरिनु नै यसको सार हो। नेपाल सरकारले २०६२/६३ मा पहिलो पटक लैङ्गिक उत्तरदायी बजेटको औपचारिक अभ्यास थालेको हो। त्यसयता प्रत्येक आर्थिक वर्षमा सरकारले सार्वजनिक बजेटमा महिलासम्बन्धी सूचक र कार्यक्रम छुट्याउने गरेको छ। तथापि, ती कार्यक्रम प्रायः काठमाडौंमै सीमित हुने वा कागजी रूपमा मात्र उल्लेखित हुने गरेका छन्। बजेटको वास्तविक लाभ कुन तहमा पुगेको छ भनेर मूल्याङ्कन गर्दा धेरै शिक्षित महिलाले पनि राज्यको बजेटमा आफूलाई प्रतिनिधित्व भएको महसुस गर्दैनन्।

काठमाडौं जस्ता सहरी क्षेत्रमा धेरै महिला शिक्षित, आत्मविश्वास, आत्मनिर्भर र करियरमुखी देखिए पनि उनीहरूले भोग्ने लैङ्गिक अन्याय अदृश्य स्वरूपमा रहन्छ। एक स्नातकोत्तर गरेकी महिला पेसामा सफल देखिए पनि उनी घरभित्र निर्णय गर्न स्वतन्त्र छैनन्। उनीहरूमाथि विवाहको दबाब, सन्तानको अपेक्षा र आफ्नो आम्दानीको खर्चसमेत परिवारको अनुमतिसापेक्ष हुन सक्छ। यस्तो अवस्थामा महिलामैत्री बजेटले केवल स्वरोजगार तालिम वा ऋण सुविधा दिनु पर्याप्त हुँदैन बरु शिक्षित महिलाहरूलाई आर्थिक निर्णयमा अधिकारसम्पन्न बनाउने नीति चाहिन्छ।

यसको उल्टो छेउमा छन्–सहरको छेउछाउ तर कागजमा 'सहर' भनिएका कञ्चनपुरका भिमदत्त नगरपालिकाका महिला वा काठमाडौंकै टोखा, चन्द्रागिरि, कीर्तिपुर जस्ता सहरीकरण भइरहेका क्षेत्रमा बस्ने अशिक्षित महिला। ती महिलाको प्रमुख चुनौती भनेको घरेलु हिंसा, सिप अभाव, सूचनामा पहुँच नहुनु र विशेषतः पुरुषहरू वैदेशिक रोजगारीमा गएका कारण महिलाहरू घरको एकल निर्णयकर्ता हुनु परेको परिस्थिति हो तर यो निर्णय स्वतन्त्रताभन्दा बाध्यता हो जुन बजेटले लक्ष्य गरे पनि कार्यान्वयनको तहमा पुग्दैन।

जातीय विभेदको सन्दर्भमा कुरा गर्दा दलित, मुस्लिम, मधेशी, जनजाति महिलाहरू अझ दोहोरो तेहोरो विभेदमा परेका हुन्छन्। उनीहरूलाई कुनै ऋण सुविधा, स्वरोजगार कार्यक्रम वा सशक्तीकरण तालिम छ भने पनि त्यसको सूचना नपुग्ने, प्रक्रियामा अप्ठ्यारो हुने वा सामाजिक दृष्टिले पहुँच नपाउने अवस्था रहन्छ। जब बजेटमा 'महिला' भनेर छुट्याइन्छ, त्यो महिला कुन समुदायकी हुन भन्ने दृष्टिकोण समावेश नगरीकन त्यो बजेट स्वतः असमान हुन्छ।

काठमाडौंका विश्वविद्यालयमा अध्ययनरत युवतीहरू बजेटमा आफूलाई कहाँ देख्छन् ? उनीहरूले राज्यको नीति कार्यक्रममा भाग लिने अवसर पाउँछन् ? उनीहरूका लागि बजेटले कुन अवसर सिर्जना गरेको छ ?

❖ बाँकी तेस्रो पृष्ठमा

# मुस्ताङ भ्रमण डायरी

• **लक्ष्मी उप्रेती**

एक ठाउँबाट अर्को ठाउँको भ्रमण गर्नु वा घुम्नु बरालिनु पक्कै हैन । भ्रमण वा घुम्नुले आफ्नो ज्ञानको दायरालाई फराकिलो पनि बनाउँछ । यसकारण घुम्नु जीवनलाई फरक कोणले नियाल्नु पनि हो । घुम्नु गन्तव्यमा पुग्नु र मनोरञ्जन गरेर समय बर्बाद गर्नु पनि हैन, भ्रमण गर्नु वा घुम्नु एउटा सिकाइ हो । जीवन बुझ्नु र जिउनु पनि त हो घुम्नु । अर्को अर्थमा यात्रा जीवन जिउने कला सिक्नु पनि हो ।

एउटा बन्द कोठामा जे र जति सिकिन्छ, त्यसको कैयौं गुणा खुल्ला आकाशमा प्रकृतिमाझ सिकिन्छ । पर्यटक र पर्यटन क्षेत्रलाई एकपटक पछाडी फर्केर हेर्ने हो भने विदेशीहरुको इतिहास त धेरै लामो छ । तर, विदेशीहरुको तुलनामा हामी नेपालीहरु घुम्न थालेको इतिहास खासै लामो छैन । नेपालीहरुमा घुम्ने रहर, चाहना र इच्छाशक्तिहरु हुँदा हुँदै पनि विविध बाधक पक्षहरुले रोकेका छन् । विदेशीहरु घुम्न निस्केर घुम्न मात्र सिकेनन्, राम्रा जीवनोपयोगी संस्कारहरु पनि सिके ।

यसैक्रममा २४ बैशाखमा कोशी प्रदेश, झापाको मेचीनगर नगरपालिकाको न्यायिक समिति गण्डकी प्रदेशका विभिन्न पालिकाहरुमा अवलोकन भ्रमणको लागि निस्कियो । यसको उद्देश्य केवल घुम्नु र फोटो खिच्नुमात्र थिएन । भ्रमणका क्रममा मेचीनगर नगरपालिका र गण्डकी प्रदेशका केही पालिकाबीचका असल अभ्यास साथै अनुभव आदन प्रदान समेत गर्नेदेखि स्थानीय तहहरुले गरेका असल अभ्यास/प्रयासहरुलाई संकलन तथा अभिलेखिकरण गर्ने उद्देश्यका साथ नगर उपप्रमुख एवम् न्यायिक समिति संयोजक मीना पोखेल उप्रेतीको नेतृत्वमा सात सदस्यीय टोली गण्डकी प्रदेश लाग्यो । टोलीमा थियौं, न्यायिक समिति सदस्यहरु कुन्दन निरौला, हरिनारायण न्यौपाने, अधिकृत छैटौं इन्दिरा खरेल कानूनी सल्लाहकार अधिवक्ता इन्द्रकमल प्रधान, उपप्रमुखज्यूको सचिवालयबाट म र सवारी चालक राजकुमार प्रधान । यात्राको भरपर्दो सारथी बनेका थिए बिमल कुमाल । बिहानको करिब साढे ५ बजेतिर उनै बिमलले उनको सवारीमा हामीलाई राखेर पश्चिमतर्फ हुइँकिए ।

कुन्दन निरौला, हरिनारायण न्यौपाने, इन्दिरा खरेल गाडी चढेर उपप्रमुख मीना पोखेल उप्रेती निवासमा आएका थिए । उनीहरुसहित उपप्रमुख मीना पोखेल उप्रेती र मलाई चढाएर गाडी गन्तव्यतर्फ लाग्यो । राजकुमार प्रधान आयावारी र अधिवक्ता इन्द्रकमल प्रधान चारआलीबाट चढेका थिए । बाटामा विभिन्न गफगाफ र हाँसीमजाकले बाटो काटेको पत्तै हुदैनथियो ।



चालक विमल पनि गज्ज्वका । निम्बार्क बैष्णव सम्प्रदायका मादक पदार्थको त कुरै छाडौं । माछा मासु समेत नचल्ने त्यसकारण पनि हामी ढुक्क थियौं उनीप्रति । झापाबाट सिन्धुली पुग्दा उनी चालक होइन सवैको प्यारा भान्जा बनिसकेका थिए । शुरुमा हामीले उनलाई गुरुवा भने पनि सिन्धुलीपछि हाम्रो सम्बन्ध मामा भान्जामा परिणत भयो र एकले अर्कालाई मामा भान्जा भनेर सम्बोधन गर्न थाल्यौं ।

प्रायः जसो तराईका सुगम जिल्लामा रहेका पालिकाहरुको अवलोकन वा सुविधा सम्पन्न बाटोघाटो पुगेका ठाउँमा मात्र भ्रमण जाने गरिन्छ । यसपटकको हाम्रो भ्रमण फरक परेकाले समेत मेरा मनमा निक्कै प्रश्न खेलिरहन्थे । हिमालपारिको जिल्ला मुस्ताङको पालिकाहरु हाम्रा गन्तव्यमा थिए । यसकारण पनि मैले पढेको सुनेको मुस्ताङ प्रत्यक्ष टेक्न पाउने भएकाले पनि यो यात्रा मेरा लागि एउटा अवसर पनि थियो । कस्तो होला मुस्ताङ ? मुस्ताङमा विकासको लहर के होला ? के गर्छन होला मुस्ताङवासीहरु ? कति दुःख होला त्यहाँ ? यस्ता थुप्रै प्रश्न मेरो मानसपटलमा फुरी रहन्थे । गाडीलाई चालकले आफ्नै गतिमा दौडाउँदै थिए । हामी आ आफ्नै धुनमा थियौं ।

कोक्रामा नानीलाई हल्लाए झैं हामीलाई हल्लाउँदै गाडी इटहरी अघिको कान्छी चोकबाट उत्तर मोडियो । उत्तर लागेपछि कालोपत्रेका कारण यात्रा पनि निक्कै सहज बन्यो । गाडीधनी पनि आफैं भएका कारण चालक विमलले आफ्नो सवारीलाई निक्कै ध्यानपूर्वक अघि बढाइरहेका थिए । बाटामा खाल्डाखुल्डी देखेपछि परैबाट गाडी तर्काउँथे । जसले हामीलाई आराम मिलेको महसुस हुन्थ्यो । नागवेली बाटो । चतरामा पुगेर चालक विमलले अब खाजा खाने भन्दै गाडी रोके । सवैले इच्छा अनुसार खाजा खायौं । करिब एक घण्टा जति हामी त्यहाँ अल्मलियौं । त्यसपछि हाम्रो यात्रा क्रमशःअघि बढ्यो । जति जति यात्रा अघि बढ्थ्यो, बिहानको खाजाले पनि छाड्दै जान्थ्यो । दिउँसो १ बजे सिन्धुली पुग्यौं । चालक विमल कराए 'लौ आइपुग्यो सिन्धुली । अब झर्नोस्,' । कमलामाई नगरपालिका वडा नम्बर –६ शान्तिनगर सिन्धुलीमा ए वान थकाली भान्सा घरमा बसेर थकाली खाना खायौं । खानाको स्वादमा जादु थियो । भोकाएको बेला खाएको थकाली स्वादको वर्णन गरी साध्य छैन । म भने कहिले मुस्ताङ पुग्न पाइएला भन्ने सोचमा रमाउँदै थिएँ ।

सिन्धुलीबाट करिब २ बजे चालक विमलले यात्रालाई अघि बढाए । सायद खाना खाएरै होला त्यसपछि हामी थुप्रैजना मस्त निन्द्रामा पर्‍यौं । बेला बेला गाडीमा गीत बज्थ्यो । आज पोखरा बस्ने कि अन्तै बस्ने समूहमा छलफल हुन्थ्यो । पोखरा पुग्न अघि नै बास बस्ने टुङ्गो लाग्यो । हामीले आ आफ्नै तरीकाले साथीभाइहरुसँग फोन गरेर बस्ने होटल लजका विषयमा सोधीखोजी गर्‍यौं । झमक्कै साँझ पर्‍यो मुग्लिन बजार टेक्दा । बेलुका ७ बजेकै आसपास हामी पुगेका थियौं मुग्लिन बजार । त्यसदिनको हाम्रो यात्रा त्यहाँबाट अघि बढेन । रात पर्दै थियो, बास त खोज्नुपर्यो । धादिङको गजुरीबाट ४६ किलोमिटर अघि मुग्लिन । मुग्लिन पृथ्वी राजमार्ग र मदन आश्रित राजमार्गको चोक रहेको चितवन जिल्लाको पहाडी क्षेत्रको प्रमुख बजार रहेछ । भरतपुरबाट ३६ कि.मी राजधानीबाट ११० कि.मी तथा पोखराबाट ९० कि.मी.को दूरीमा रहेछ मुग्लिन बजार । दुई चारवटा होटल चाहार् यौं । अनि माडवाडी भोजनालय बैष्णव लजमा हामी बस्ने टुङ्गो लाग्यो । कसैले रोटी त कसैले भात खाएर हामी सुत्न गयौं । उपप्रमुखज्यूले ' बिहान चाँडै हिड्नु पर्छ, चाँडो सुतौं ' भन्नुभयो । समयमै पोखरा पुगेर त्यहाँको काम सकेर यात्रा जोमसोमको लागि अघि बढ्ने योजनामा थियौं हामी ।

भोलिपल्ट बिहान उठेर एकपटक मुग्लिन बजारलाई नियालें । उसबेलाको मुग्लिनले निक्कै काँचुली फेरिसकेको रहेछ । उसबेला काठमाडौं जादा रात्री बसहरुले मुग्लिनमा पनि खाना खुवाउँथे । बिहान ५ बजे हामीले हतारहतार झोला कस्यौ ँ। तल झरेर झोला राख्यौं गाडीमा । हाम्रो गन्तव्य पोखरा । मुग्लिन पोखरा सडक विस्तार भएका कारण यात्रा निक्कै सहज भयो । थोरै मात्र कच्ची रहेछ सडक । एकतर्फी कालोपत्रको काम चलिरहेको मुग्लिन पोखरा सडकलाई छिचोल्दैं हामी बिहानको साढे आठ बजेतिर पोखरा पुग्यौ । जानु थियो पोखरा महानगरपालिका । तर, कार्यालय खुल्ने समय निक्कै भएकाले पहिलो पटक पोखराको पर्यटकीय क्षेत्र लेकसाइड हाम्रो रोजाइमा पर्‍यो ।

तालबाराही मन्दिर कास्की जिल्लाको पोखरास्थित प्रसिद्ध मन्दिर हो । फेवातालको बिचमा रहेको यो मन्दिरमा सधैँ दर्शकको भीडभाड रहन्छ । हिन्दु धर्माबलम्बीको मन्दिर भए तापनि सबै धर्मका व्यक्तिहरु यहाँ प्रवेश पाउँदछन् । पूजाआजा गर्नकै लागि हाम्रो टोली तालबाराही मन्दिर जाने निर्णयमा पुग्यो । डुङ्गा चढेर मन्दिर पुगेर फर्किनका लागि एकसय रुपैयाँको टिकट लिनुपर्ने रहेछ । अधिकृत इन्दिरा खरेलले हामी आठैजनाको टिकट लिनुभयो । काउण्टरले पनि हामीलाई सुरक्षित सामग्री दियो । पूजाका सामान लिएर डुङ्गा चढेर फेवातालको पानी खेलाउदैं हामी तालवाराही मन्दिरतर्फ लम्कियौं । डुङ्गा खियाउने एकजना १८/२० वर्ष जतिका भाइ थिए ।

पूजाआजा गरेर हामी अर्को डुङ्गामा फर्कियौ । सवैले चिया पिउने काम भयो । एककप रातो चियाको मूल्य ३० रुपैयाँ । म त छक्क परेँ । मैले भने 'कति महँगो ।' कुन्दन निरौलाले भन्नुभयो –'त्यसकारण त पोखरा अनि लेकसाइड र पर्यटकीय क्षेत्र हो ।' त्यति गर्दा विहानको झन्डै १० बज्न लागेको थियो । त्यसपछि डेभिस फल्स गुप्तेश्वर महादेवलगायतको घुमेर हामीले नजीकै होटल मिठोमा विहानको खाना खायौं । खाना खाएर हामी सोझै पोखरा महानगरपालिका पुग्यौं । उपप्रमुख मन्जु गुरुङले हामीलाई स्वागत गर्नुभयो । करिब दुई घण्टाको बसाइमा पोखरा महानगरपालिकाको तर्फबाट उहाँले प्रदान गर्नुभएको न्यानो आतिथ्यता तथा सदाशयताका लागि झापाली प्रतिनिधिमण्डल तथा व्यक्तिगततर्फबाट उपप्रमुख मीना पोखेल उप्रेतीले महानगरपालिका तथा उपप्रमुख मन्जु गुरुङप्रति हार्दिक धन्यवाद व्यक्त गर्नुभयो ।

दुई पालिकाबीच असल अभ्यासको आदान प्रदान भयो । देशका सबै पालिकाबीच समन्वयको आवश्यकतामा जोड दिँदै पालिकामा भएका असल अभ्यास एक अर्का पालिकामा आदान प्रदान गर्नुपर्नेमा दुवै उपप्रमुखहरुको जोड थियो । संघीयताको सफलताका लागि स्थानीय तहबीच समन्वय हुनुपर्ने पोखरा महानगरपालिकाको धारणा पनि रहेछ ।

सुशासनसँग सम्बन्धित विभिन्न विषयगत क्षेत्रहरूमा स्थानीय तहहरूबाट अनुभवको आदान-प्रदान हुने यस अन्तरकृया कार्यक्रमबाट स्थानीय तहको सेवा प्रवाह सुधार हुने, स्थानीय तहले स्थानीय आर्थिक विकास, विद्युतीय सुशासन, सार्वजनिक वित्त व्यवस्थापन, नवप्रवर्तन साझेदारी कोष, आवधिक योजना लगायतका विषय क्षेत्रमा स्थानीय सरकारहरूले गरेका असल अभ्यास र प्रयासहरू एक अर्काबीच आदान प्रदान गर्नुपर्ने आशा व्यक्त गर्दै हामीले पोखरा महानगरपालिकाबाट बिदा माग्यौं । पोखरा महानगरपालिकाका मन्जु गुरुङले हाम्रो भ्रमणको सफलताको शुभकामना व्यक्त गर्दै बिदा दिनुभयो । हामी जानु थियो मुस्ताङ । पर्वत जिल्लालाई छिचोल्ने क्रममा कुश्मा नगरपालिका समेत हाम्रो रोजाइमा थियो । त्यहाँ नगर प्रमुख रामचन्द्र जोशी काम विशेषले काठमाडौं जानु भएको, उपप्रमुख स्वस्थानी रिजाल बाहिर भएका कारण प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद पौडेलले मिठो चियाको चुस्कीसहित हाम्रो टोलीलाई स्वागत गर्नुभयो । त्यहाँ पनि निक्कै बेर भलाकुसारी भयो । स्थानीय तहले भोग्नु परेका सारागारा अप्ठयारा विषयमा कुराकानी भए । न्यायिक शाखाका कर्मचारी, न्यायिक सहजकर्ताहरुले त्यहाँको न्याय सम्पादनका विषयमा हाम्रो टोलीलाई जानकारी गराए ।

पर्वतबाट अघि बढ्दै जादाँ हाम्रो यात्रा म्याग्दी जिल्लाको बेनी नगरपालिकामा पुगेर अडियो । जहाँ हाम्रो टोलीलाई उपप्रमुख ज्योति लामिछाने पौडेलले स्वागत गर्नुभयो । त्यहाँ पनि पालिकाको कार्य सम्पादन, न्यायिक समितिमा आउने मुद्दाका प्रकार, न्याय सम्पादन तथा अहिले सम्मका असल अभ्यासलगायत विभिन्न विषयमा कुरा भए । असल अभ्यास आदान प्रदान गर्ने पद्धतिले नागरिकलाई सु-सुचित गर्नुका साथै संघीयतालाई संस्थागत गर्न थप सहयोग पुग्ने विश्वास पालिकाका उपप्रमुखहरुले व्यक्त गरे । स्थानीय तहका असल अभ्यासलाई नतिजामुखी बनाउनु पर्ने र यस्ता अन्तरकृया कार्यक्रमहरूलाई स्थानीय तहका उत्पादनहरूको प्रवर्धन गर्ने अवसरको रूपमा समेत लिनुपर्ने विचार दुवै पालिकाका उपप्रमुखको भनाइ थियो । स्थानीय तहका 'असल अभ्यास' आदान प्रदान कार्यक्रम निक्कै प्रभावकारी बन्ने उहाँहरुको निचोड पनि थियो ।

म्याग्दी नगरपालिकाको चमेना गृहमा खिर र तरकारी खाएपछि सोझै हाम्रो यात्रा मुस्ताङतर्फ अघि बढ्यो । किन भने, घरपझोङ गाउँपालिका जोमसोम, मुस्ताङ हाम्रो योजनामा थियो । घासा पुगेपछि मुस्ताङको सिमाना सुरु हुँदो रहेछ । त्यहाँवाट उता भने बाटो अलि सहज छ । केही अगाडिबाट पहिलो पटक धौलागिरी देखिन्छ । लेते पुगेपछि त झन् वरिपरि हिमालै हिमाल देखिन्छ । मुस्ताङको लेते भन्ने ठाउँबाट अगाडि बढेपछि हिमालपारि पुग्न सुरु हुने रहेछ । दायाँबायाँ धौलागिरि र अन्नपूर्ण हिमशृङ्खला रहेछन् । बाटो साँघुरो रहेको र

❖ बाँकी अन्तिम पृष्ठमा

## महिलामैत्री...

यसको उत्तर अस्पष्ट छ । अधिकांश युवती राज्यले दिएको अवसरभन्दा बाहिरको निजी क्षेत्र वा वैदेशिक रोजगारीतर्फ आकृष्ट भइरहेका छन् । उनीहरूलाई नवप्रवर्तन, स्टार्टअप वा विज्ञानमा आधारित उद्यम गर्न चाहने तर राज्यको अनुदान प्रक्रिया पुरानो ढाँचामा अड्केको अनुभव हुन्छ ।

अर्कोतर्फ विवाहित महिलाहरूको जीवन झनै जटिल छ । विवाहपछि उनीहरूको नागरिकता, घरजग्गा अधिकार, सहमतिबिना छोराछोरी जन्माउने वा जन्म नदिएको कारण हुने हिंसा, सम्बन्धविच्छेद गर्दा सम्पत्ति पाउने अधिकार यी सबै विषय महिलामैत्री बजेटको दायरामा आउनुपर्ने हो तर हालसम्म यी संवेदनशील विषयहरूलाई बजेटले स्पष्ट रूपमा सम्बोधन गरेको पाइँदैन ।

महिलामैत्री बजेटको प्रभावकारिता स्थानीय सरकारको सक्रियतासँग पनि जोडिएको हुन्छ । काठमाडौँ महानगरपालिकाले केही उदाहरणीय काम गरेको भएता पनि अधिकांश पालिका, नगरपालिका वा गाउँपालिकाहरू अझै पनि बजेट निर्माणमा महिला प्रतिनिधिलाई केवल औपचारिक उपस्थितिमा सीमित राख्छन् । महिला समूहहरूलाई बजेट निर्माण प्रक्रिया सुरु हुँदा बोलाइँदैन । कार्यक्रम बनेपछि मात्र जानकारी गराइन्छ । बजेट निर्माण महिलाको अनुभव, आवश्यकता र सल्लाहमा होइन, पुरुष बहुमतको दृष्टिमा आधारित हुन्छ । यस्तो अवस्थामा महिलामैत्री बजेटले वास्तवमा महिलाको जीवनमा प्रत्यक्ष रूपान्तरण ल्याउन सक्दैन ।

नेपालको संविधानले महिलालाई सम्पत्ति, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षालगायत सबै क्षेत्रमा समान हक दिएको छ तर बजेटमार्फत त्यो अधिकारलाई व्यवहारमा उतार्न सकिएन भने संविधान पनि अधुरो सपना मात्र बन्छ । महिलाको हकमा गरिएको लगानी केवल अनुदान होइन त्यो त समृद्धि, स्थायित्व र दिगोपनको आधार हो । अब नेपालले लैङ्गिक बजेट निर्माणलाई केवल छुट्टै स्तम्भको रूपमा हेर्न छोड्नु पर्छ । बजेट निर्माणको हरेक खण्डमा चाहे त्यो कृषि होस्, पूर्वाधार, पर्यटन, विज्ञान वा प्रविधि महिला कति सहभागी हुने ? महिला कति लाभान्वित हुने ? भन्ने प्रश्न समावेश हुनु पर्छ । उदाहरणका लागि यदि सरकारले सहरमा स्मार्ट ट्राफिक सिस्टम ल्याउने योजना बनाउँछ भने त्यो योजनाले स्कुटी चढ्ने, बच्चा बोकेर हिँड्ने वा सार्वजनिक सवारी प्रयोग गर्ने महिलालाई कस्तो सुविधा दिन्छ ? यदि कृषिमा यान्त्रीकरण ल्याउने बजेट छुट्याइन्छ भने त्यसले घरपछाडिको बारी जोत्ने महिलालाई सहायता गर्छ कि उल्टै उनीहरूको श्रम अनदेखा बनाउँछ ? यी सबै प्रश्नहरूले महिलामैत्री बजेटलाई अर्थ दिन्छन् ।

महिलामैत्री बजेट भनेको केवल कार्यक्रमको सङ्ख्या होइन, त्यो त महिलाले राज्यसँग कति न्याय, सम्मान र अवसर पाउँछिन् भन्ने सङ्केत हो । काठमाडौँको शिक्षित महिलादेखि सुदूरपश्चिमको अशिक्षित महिलासम्म, दलित महिलादेखि मधेशी समाजकी बुहारीसम्म, विवाहित महिलादेखि एकल आमासम्म सबैलाई समेट्न सक्ने खालको बजेट निर्माणको समय अहिले नै हो ।

यदि नेपालले लैङ्गिक बजेटलाई आँकडाको मात्र विषय नभई मानव अधिकारको सवाल मानेर हेर्छ भने मात्र महिला मैत्री बजेट कागजबाट उठेर हरेक नेपाली महिलाको जीवनमा परिवर्तन ल्याउने शक्ति बन्न सक्छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।**
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५५५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** वाणीमा कुशलता आउने दिन परेको छ । मिल्ने साथीको सुझावले महत्त्वपूर्ण

**वृष** वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** चोटपटक पनि लाग्न सक्छ । यात्रा गर्ने अवसर पनि जुट्नेछ ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।